# निर्वाचन सम्बन्धी अन्मिनको प्रतिवेदन १, २०६४ चैत ९ गते

*यो प्रतिवेदन नेपालस्थित मानव अधिकारसम्बन्धी उच्चायुक्तको कार्यालय (ओएच्सीएच्आर) सँगको संयोजनमा नेपालस्थित राष्ट्रसंघीय मिसन (अन्मिन) ले तयार गरेको हो। अन्मिनद्वारा गरिने युद्धविरामको अनुगमन तथा हतियार र सेनाको व्यवस्थापन एवम् ओएच्सीएच्आरद्वारा गरिने मानवअधिकारको अनुगमन जस्ता माध्यमबाट संविधानसभाको निर्वाचनका लागि स्वतन्त्र र निष्पक्ष वातावरण सिर्जना गर्नका लागि सहयोग पुऱ्याउन संयुक्त राष्ट्रसंघलाई अनुरोध गरिएको थियो।*

## चैत २८ गते हुने संविधानसभाको निर्वाचनको अवस्था

२०६३ मङ्सिरमा विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरे यताका समयमध्ये अहिले संविधानसभाको विश्वसनीय निर्वाचन गर्न नेपाल सबभन्दा उपयुक्त अवस्थामा छ। संविधानसभाको निर्वाचन शान्ति प्रक्रियामा एउटा कोसेढुङ्गो हो। यस प्रक्रियालाई बिथोल्नका लागि केही गम्भीर प्रकृतिका राजनीतिक व्यवधान आए पनि तिनलाई समाधान गरियो। यद्यपि ती मध्ये केही पूर्णरूपमा समाधान भएका छैनन्।

फागुन १६ गते अन्तरिम सरकार र संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा बीच र फागुन १८ गते संघीय गणतान्त्रिक राष्ट्रिय मोर्चा बीच सम्झौता भए पछि निर्वाचनको वातावरणमा महत्वपूर्ण परिवर्तन आयो। उम्मेदवारी दर्ताको काम सकियो र आचारसंहिता पनि लागू भयो। अहिले राजनीतिक दलहरू प्रचारप्रसारमा व्यस्त छन् र सारा मुलुक निर्वाचनमय भएको छ। यो सानो उपलब्धि भने होइन। यद्यपि निर्वाचनको यो सकारात्मक गतिले नयाँ चुनौती र समस्या पनि थपेको छ र तिनलाई तुरुन्तै सम्बोधन गरिनुपर्छ। यी चुनौतीमा निर्वाचन नचाहने समूहद्वारा फैलाइएको हिंसा, निर्वाचन आचारसंहिता तथा मानवअधिकारको गम्भीर उल्लङ्घन एवम् हतियार तथा सेनासम्बन्धी दायित्वहरूको पूर्ण पालना छन्।

### १. निर्वाचनको विपक्षमा रहेका समूहहरूद्वारा हिंसा

संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा तथा संघीय गणतान्त्रिक राष्ट्रिय मोर्चासित सम्झौतामा हस्ताक्षर भए पछि समग्र सुरक्षास्थिति, खासगरी मधेसको सुरक्षास्थितिमा उल्लेखनीय सुधार आएको छ। यद्यपि गएको दुई साता यता यी सम्झौताहरूप्रति असहमत पक्षहरू, खास गरेर सशस्त्र समूहहरूका गतिविधि तीब्र भएका छन्। निर्वाचन प्रक्रिया बिथोल्नका लागि हत्या, हिंसा तथा उम्मेदवार र मतदाताहरूलाई डर-धम्की देखाउने प्रवृत्ति बढेर गएको छ। फागुन १७ गतेका दिन जनतान्त्रिक मधेशी मुक्ति मोर्चा (ज्वालासिंह समूह) ले निर्वाचन बिथोल्ने क्रमबद्ध योजनाहरूको खाका सहितको एउटा वक्तव्य जारी गऱ्यो। फागुन ३० गतेका दिन अन्य

चारवटा सशस्त्र समूहहरूले समान किसिमका धम्कीहरू भएको एउटा वक्तव्य जारी गरे। यी दुवै वक्तव्यहरूमा चुनावमा सक्रिय हुने उम्मेदवार र अन्य व्यक्ति विरुद्ध भौतिक कारवाही गर्ने धम्की दिइएको छ। अन्य सशस्त्र समूहहरूले भने सरकारसित वार्ता गर्ने आशय प्रकट गरेका छन्।

उम्मेदवारलाई नाम फिर्ता लिनका लागि दबाव दिइएका निकै सूचनाहरू प्राप्त भएका छन्। फागुन २४ गतेका दिन कपिलबस्तुमा जनमोर्चा पार्टीका एकजना उम्मेदवारलाई एउटा सशस्त्र समूहले अपहरण गऱ्यो र उम्मेदवारी फिर्ता लिने दवाब दिएर मात्र मुक्त गऱ्यो। कैयौं उम्मेदवारले आफूलाई फोनबाट ज्यान मार्ने धम्की दिइएको बताएका छन् भने उम्मेदवारका घर र पार्टी कार्यालयहरूमा घरेलु विस्फोटक पदार्थहरूबाट आक्रमण भएका छन्। चैत ५ गते बाँके-२ का राष्ट्रिय जनमोर्चाका उम्मेदवार कमल अधिकारीको हत्या गरियो; उक्त हत्याको जिम्मेवारी सबैभन्दा पहिले जनतान्त्रिक तराई मुक्ति मोर्चा ज्वाला सिंह समूहले लियो। तर त्यसमा अन्य समूहहरूले पनि जिम्मेवारी लिएका छन्। चैत ६ गते सप्तरी-२ का नेपाल कम्युनिस्ट पार्टी एमालेका उम्मेदवार अशोक कुमार यादवमाथि साङ्घातिक हमला भयो। यस घटनामा अखिल तराई मुक्ति मोर्चा (पूर्व जनतान्त्रिक तराई मुक्ति मोर्चा-गोइत समूह) लाई जिम्मेवार मानिएको छ। सरकारी कार्यालयऽ राजनीतिक दलका कार्यालय र सञ्चारसंस्थामा वा तिनका निकट र उम्मेदवारका घरहरूमा राखिएका घरेलु विस्फोटक पदार्थका सम्बन्धमा विभिन्न समूहरूले जिम्मेवारी लिएका छन्। यस्ता विस्फोटनका घटनाहरू खासगरी पूर्वी तराईमा भएका छन्। यस्ता घटनाबाट परिस्थिति अझ नाजुक बन्दै गएको छ।

## २.निर्वाचन आचार संहिताको उल्लङ्घन र मानवअधिकार

पार्टी समर्थकहरू बीचको भिडन्त, अन्य प्रकारका हिंसा, डर र धम्कीको प्रयोग सम्बन्धी दिनहुँजसो प्राप्त भइरहेका सूचनाले निर्वाचन प्रकियाले बढ्दो रूपमा हिंसात्मक मोड लिइरहेको देखाएको छ। राजनीतिक दलहरूका बीचमा अविश्वास र आक्रोशको खाडल स्पष्टरूपमा बढेको छ। निर्वाचनको प्रचार प्रसारको सिलसिलामा दुईजनाको मृत्यु भइसकेको छ। राष्ट्रिय जनमोर्चाका एक जना उमेदवारको हत्या बाहेक, फागुन ११ गते अर्घाखाँची जिल्लामा एमालेका कार्यकर्ताहरूको अगुवाइमा आएका भनिएका स्थानीय गाउँलेहरूले निर्वाचनको प्रचार प्रसार सम्बन्धी एउटा कार्यक्रमपछि नेपाल कम्युनिस्ट पार्टी (नेकपा), माओवादीका ९ जना कार्यकर्तालाई पिटेर घाइते बनाए। जसमध्ये एकजनाको भोलिपल्ट मृत्यु भयो। यो प्रतिवेदन तयार पार्दासम्म रोल्पामा चैत ६ गते भएको नेकपा (माओवादी) का दुई जना कार्यकर्ताहरूको हत्या निर्वाचनसँग सम्बन्धित थियो वा थिएन भन्ने स्पष्ट हुन सकेको छैन।

योङ कम्युनिस्ट लिग (वाईसीएल) समेतका नेकपा-माओवादी कार्यकर्ताहरूले दार्चुला, धनकुटा, सिन्धुपाल्चोक, चितवन, बर्दिया, बैतडी, ललितपुर, ओखलढुङ्गा, गोर्खा, कास्की, कालिकोट,

धादिङ, सल्यान लगायतका क्षेत्रहरूमा अन्य पार्टीका कार्यकर्ताहरूको स्वतन्त्रतापूर्वक भेला हुन पाउने अधिकारमा विभिन्न प्रकारले अवरोध सिर्जना गरेका थुप्रै प्रमाणहरू प्राप्त भइरहेका छन्। यस्ता घटनाहरूमा प्रायः गरेर हिंसा भएको छ वा हिंसाको धम्की दिइएको छ। नेकपा-माओवादी कार्यकर्ताहरूले उनीहरूको "आधार इलाका" मा अन्य पार्टीलाई प्रचार प्रसार नगर्न पटक पटक चेतावनी दिएका छन्। नेकपा-माओवादीले मतदाताहरूलाई उनीहरूले कसलाई मत दिए भन्ने आफूलाई थाहा हुने र अरू पार्टीलाई मत दिनेलाई कार्वाही गरिने बताएको छ।

यी मध्ये फागुन २९ गते रामेछापमा भएको एउटा गम्भीर घटनामा नेकपा-माओवादीका कार्यकर्ताको आक्रमणबाट निर्वाचनको प्रचार प्रसार कार्यक्रम सकिएपछि फर्कंदै गरेका एक जना उमेदवारसहित एमालेका १९ जना कार्यकर्ता घाइते भए। ओएच्सीएच्आरले घटनास्थलको भ्रमणपछि सो आक्रमण नियोजित थियो भन्ने पुष्टि गरेको छ। विभिन्न स्रोतबाट ओएच्सीएच्आरलाई प्राप्त जानकारी अनुसार त्यहाँको समुदायलाई वाईसीएलले डर देखाएको, धम्की दिएको र १२ वर्षसम्मका कलिला केटाकेटीलाई स्कूलबाट निकालेर वाईसीएलमा संलग्न गराएको थियो। यस्ता घटनाहरूले नेकपा-माओवादी र उसका भातृ सङ्गठनहरू साँच्चै स्वतन्त्र र निष्पक्ष लोकतान्त्रिक प्रकियामा संलग्न हुन इच्छुक छन् भन्ने बारेमा गम्भीर प्रश्नचिह्न खडा गरेको छ।

त्यसैगरी अन्य पार्टीहरूले पनि निर्वाचनसँग सम्बन्धित हिंसा गरेको र डरधम्की दिएको आरोप लगाइएको छ। फागुन १३ गते बर्दियामा नेकपा-माओवादीका एक जना कार्यकर्तालाई मधेशी जनअधिकार फोरमका भनिएका ६ जना मानिसहरूले फोरममा संलग्न हुन दवाब दिँदै गोली हानेका थिए। ओएच्सीएच्आरले अनुसन्धान जारी राखेका अन्य घटनाहरूमा सुर्खेतमा स्वतन्त्र (पूर्व नेका) उमेदवारका समर्थकले फागुन ३० गते नेपाली काँग्रेसका उमेदवारको अपहरण गरेको घटना र सुनसरीमा निर्वाचनको काम सकेर फर्कंद गरेका नेपाली काँग्रेसका कार्यकर्ताहरू माथि मधेशी जनअधिकार फोरमका समर्थकहरूबाट भएको आक्रमण छन्। यस घटनामा घाइते भएका मध्ये ११ जनाले औषोधोपचार गराएका थिए।

निर्वाचन प्रचार प्रसारको सिलसिलामा कहिलेकाहीँ ज्यान नै जोखिममा पर्ने गरी बालबालिकाहरूलाई सलंग्न गराइएका सूचनाहरूमा प्राप्त भएका छन्। ठूला राजनीतिक दलका युवा सङ्गठनका प्रतिनिधिहरूले निर्वाचनका दिन मतदान केन्द्रको "सुरक्षा" का लागि ठूलो सङ्ख्यामा युवाहरू परिचालन गर्ने कुराको सङ्केत गरेका छन्। हुन त स्वयंसेवकहरूको यस्तो परिचालन अहिंसात्मक हुने र निर्वाचन प्रक्रियाको सहजीकरणका लागि मात्र हुने भनेर उनीहरूले दाबी गरेका भएपनि मतदान केन्द्र नजिकै सङ्गठितरूपमा प्रतिस्पर्धी दलहरूसँग सम्बद्ध युवाहरूको उपस्थितिका कारण हिंसा पनि हुन सक्छ। मतदानका दिनमा हिंसा फैलाउने र बुथ कब्जा गरिने

एवम् परिणाम घोषणापछि पनि हिंसा हुनसक्ने कुरामा सबैले चासो राखेका छन्। यस्तो चासो विशेषतः दुर्गम क्षेत्रका प्रहरी, दलका कार्यकर्ता तथा आमजनताको छ। यो **“डर” ले पनि मतदानमा असर गर्न सक्छ।**

सरकारमा रहेका दलहरूका उम्मेदवारहरूले सरकारी सम्पत्तिको दुरूपयोग गरेका कैयौं पत्यारलाग्दा गुनासाहरू पनि आएका छन्। यस्ता आरोपहरूमा दलगत काममा मन्त्रालयको प्रयोगदेखि प्रहरी भर्नामा हस्तक्षेप र प्रचारप्रसार लगायतका काममा सरकारी वाहनको प्रयोगसम्म छन्।

आमसञ्चार माध्यमले राजनीतिक अभियानका बारेमा आमजनतालाई समयमा नै सन्तुलित सूचना दिनका लागि अत्यावश्यक उच्चतम स्वतन्त्रताको उपयोग गरिरहेका छन्। तर आमसञ्चार माध्यमका खबरहरूका आधारमा अन्मिन र ओएच्सीएच्आरले छानबिन गर्दा कैयौं पटक ती भ्रम फैलाउने खालका भएको पाइएको छ। तथ्यप्रस्तुतिको उच्चतम मापदण्ड कायम गर्न र आमजनतालाई राजनीतिक परिस्थितिका बारेमा बुझ्न सहयोग गर्नका लागि सबै आमसञ्चार माध्यमले समाचारमा सत्यता र राजनीतिक निष्पक्षता कायम गर्नु अत्यन्त महत्त्वपूर्ण छ।

## ३. हतियार अनुगमन

माओवादी सेनाहरू शिविरमा रहनेऽ नेपाली सेना ब्यारेकमा रहने र भयरहित वातावरणमा संविधानसभाको निर्वाचन सम्पन्न गर्ने नै १२-बुँदे समझदारी र विस्तृत शान्ति सम्झौताका आधारभूत सिद्धान्त हुन्। विस्तृत शान्ति सम्झौता (बुँदा ६.४) मा दुवै पक्षका सेनाले कसैको पक्ष वा विपक्षमा प्रचार प्रसार गर्न र पक्ष विपक्षमा लाग्न नपाउने तर उनीहरूलाई मताधिकारबाट वञ्चित नगरिने कुरा उल्लेख गरिएको छ।

उल्लेखित सिद्धान्त विपरित माओवादी सेनाबाट बिदाइ नभइकनै माओवादी सेनाका कमान्डरहरू र सदस्यहरूलाई उम्मेदवारका रूपमा मनोनित गरेकोतर्फ अन्मिनले नेकपा (माओवादी) नेतृत्वको ध्यानाकर्षण गराएको छ।

हतियार र सेना व्यवस्थापनको अनुगमन सम्बन्धी सम्झौता अनुसार यसका पक्षहरूको आपसी सहमतिमा बाहेक कुनै पनि अस्थायी शिविर वा व्यारेकमा रहेका कुल सैन्यमध्ये १२ प्रतिशतभन्दा बढीलाई एकसाथ बिदामा बस्ने अनुमति दिइने छैन। तर पारिवारिक, औषधोपचारका क्रममा र अन्य आकस्मिक अवस्थामा बाहेक कुनै पनि सेनाका सदस्यहरूलाई निर्वाचन अवधिभर बिदा स्वीकृत नगर्नकालागि अन्मिनले नेपाल सरकार र माओवादीका नेताहरूलाई सुझाउ दिएको छ। नेपाली सेनाले आफ्ना सबै तहका कर्मचारीहरूका आकस्मिक

बाहेक सबै बिदा चैत ७ गतेदेखि लागु हुनेगरी रद्द गरेको र माओवादी अध्यक्ष प्रचण्डले पनि माओवादी सेनालाई आकस्मिक अवस्थामा बाहेक बिदा नदिन र बिदामा रहेकालाई पनि शिविरमा फर्कन आदेश दिइसकेको जानकारी संयुक्त अनुगमन समन्वय समितिलाई प्राप्त भएको छ। अन्मिन यस्तो निर्णयको स्वागत गर्छ। तर, माओवादी कमान्डरहरूलाई आदेश दिनु अगावै उल्लेख्य सङ्ख्यामा माओवादी सैनिकहरू बिदामा गइसकेका थिए। केही अवस्थामा यो सङ्ख्या १२ प्रतिशत नाघेको छ र लडाकूहरू राजनीतिक प्रचारमा संलग्न रहेका छन् भन्ने अन्मिनलाई विश्वास छ। बिदामा गएका माओवादी सैनिकहरू शिविरमा फर्कने र शिविर भित्र रहने भन्ने आदेशको पालना भए नभएको कुरा प्रत्येक शिविरमा गणना गरेको हेरेर लगायत अन्य तरिकाबाट अन्मिनले निकटबाट अनुगमन गर्ने छ।

माओवादी नेताहरूको सुरक्षा व्यवस्थाका सम्बन्धमा सरकार र नेकपा (माओवादी) को सहमति अनुरूप नेकपा (माओवादी) का अध्यक्ष र २५ जना केन्द्रीय समिति सदस्यहरूको सुरक्षार्थ निश्चित सङ्ख्या र प्रकारका हतियारहरू राख्ने अनुमति छ। तीमध्ये केही उम्मेदवार रहेका छन्। सहमति अनुसार ती हतियारहरू आत्मरक्षाकालागि मात्र प्रयोग गरिनुपर्छ र सार्वजनिक रूपमा तिनको प्रदर्शन गर्न पाइँदैन।

विस्तृत शान्ति सम्झौता तथा हतियार र सेना व्यवस्थापनको अनुगमन सम्बन्धी सम्झौता अन्तर्गत नेपाली सेनाका लागि अनुमति दिइएका गतिविधिहरूमा सरकारले निर्देशन गरे बमोजिम सीमा सुरक्षा र महत्वपूर्ण स्थान र संरचनाहरूको सुरक्षा पर्छन्। सैन्यदस्ता तथा हवाई आवागमन र अभ्यास सम्बन्धी जानकारी संयुक्त अनुगमन समन्वय समितिलाई ४८ घण्टा अगावै उपलब्ध गराउनु पर्छ। नेपाली सेनाले आफूले विमानस्थल र भन्सार कार्यालय लगायत ५० वटा विभिन्न स्थानमा सैन्य दस्ताहरू खटाएको जानकारी संयुक्त अनुगमन समन्वय समितिलाई गराएको छ तर उसले ४८ घण्टाको अग्रिम सूचना दिनका लागि भने सरकारबाट नै निकै ढिला गरेर आदेश प्राप्त भएको जनाएको छ।

अनुरोध गरिए अनुरूप अन्मिनले निर्वाचन अवधिभर र त्यसपछि पनि हतियार र सेना व्यवस्थापनको अनुगमन सम्बन्धी सम्झौताको दुवै सेनाले पालना गरे नगरेको कुराको अनुगमन कार्य जारी राख्नेछ।

## ४.सुझावहरू

- सशस्त्र समूहहरूले वार्ताका माध्यमबाट राजनीतिक समाधान खोज्ने र हिंसा तथा डर-त्रास देखाउने र निर्वाचनमा बाधा पुऱ्याउने किसिमका अन्य गतिविधिहरूबाट टाढा रहने। सरकारले त्यस्ता वार्ताहरू सुरु गरेर राजनीतिक समाधान खोज्ने प्रयास जारी राख्ने।

- सबै राजनीतिक दलहरूले निर्वाचन आचार संहिताको पूर्ण पालना गर्ने र प्रतिस्पर्धी दल तथा मतदाताहरूको मानव अधिकारको सम्मान गर्ने। निर्वाचनको प्रतिष्ठा र निष्पक्षता सुनिश्चित गर्नमा नै सबैलाई फाइदा छ किनभने फर्जी निर्वाचनबाट प्राप्त "विजय" वैधानिक मानिने छैन।
- नेकपा-माओवादीले आफ्नो बलियो पकड भएका र राजनीतिक रूपमा आफ्नो ठानेका क्षेत्रहरूमा अन्य दलहरूलाई निर्वाचन प्रचार प्रसार गर्न बाधा पुऱ्याउने कार्यलाई तुरुन्त अन्त्य गर्ने।
- कुनै दलका लागि वा विरुद्धमा मतदान गर्न मतदाताहरूलाई डर धम्की देखाउने र दबाव दिने कार्य तुरुन्तै अन्त्य गर्ने। कसैमाथि पनि डरत्रास हुन नदिन मतदानका दिन राजनीतिक दलहरूले सहकार्य गर्ने।
- सबै राजनीतिक दलहरूले सार्वजनिक र स्पष्ट रूपमा निर्वाचनको परिणाम स्वीकार्ने प्रतिबद्धता पुनः जनाउने। यो प्रजातान्त्रिक प्रक्रियाको आधारभूत सिद्धान्त हो।
- उम्मेदवारहरूले राज्यका स्रोत र साधनहरूको दुरूपयोग नगर्ने। राज्य पक्षले, खास गरी नेपाल प्रहरी र स्थानीय कर्मचारीहरूले, आफ्नो जिम्मेवारी निष्पक्ष रूपमा र व्यावसायिकता साथ पूरा गर्ने।
- सबै सञ्चार माध्यमहरूले सकेसम्म समाचारमा सत्यता र राजनीतिक निष्पक्षता कायम गर्न प्रयास गर्ने।